# समितिको मिति २०७९/०२/११ गतेको बैठकको निर्णयः

संघीय संसद, प्रतिनिधि सभा अन्तर्गत गठित शिक्षा तथा स्वास्थ्य समितिको बैठक माननीय सभापति जयपुरी घर्तीको सभापतित्वमा बस्यो ।

१. आजको बैठकमा शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री श्री बोधमायाकुमारी यादव, मन्त्रालयका सचिव (विज्ञान तथा प्रविधि) श्री प्रमिलादेवी बज्राचार्य, पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक श्री अणप्रसाद न्यौपाने, जनक शिक्षा सामग्री केन्द्र (लि.) का प्रबन्ध निर्देशक श्री अनिलकुमार झा र मन्त्रालयका अन्य पदाधिकारीहरुसँग माध्यमिक तहको पाठ्यपुस्तकको छपाइ र वितरणमा देखिएका समस्याका सम्बन्धमा छलफल गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निम्न निर्देशन तथा सुझाव दिने निर्णय गरियो ।

**निर्देशन**

माध्यमिक तहको पाठ्यपुस्तक छपाइ र वितरणमा ढिलासुस्ती भई विद्यार्थीहरु पठनपाठनबाट बञ्चित हुने अवस्था आएकाले बैकल्पिक व्यवस्था गरेर भएपनि तत्कालै पाठ्यपुस्तक विद्यार्थीसमक्ष पुग्नेगरी व्यवस्था गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देशन गर्दछ ।

**सुझाव**

- पाठ्यपुस्तक छपाइ र वितरणमा ढिलासुस्तीले पैदा गरेको समस्यालाई दीर्घकालीन हल गर्नका लागि आवश्यक प्रणाली परिवर्तन गरी समयमै छपाइ र वितरण गर्न गुरुयोजना बनाइ कार्यान्वयन गर्नुपर्ने ,
- पाठ्यपुस्तक छपाइ र वितरणमा देखिएको समस्याको दीर्घकालिन हल गर्न संवैधानिक व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकार कार्यान्वयन गर्ने ।

२. समितिका अर्को बैठक पछि सूचना गरेपछि बस्ने गरी स्थगित भयो ।

..................
(पुष्पप्रकाश खनाल)
समिति सचिव

.................
(जयपुरी घर्ती)
सभापति
शिक्षा तथा स्वास्थ्य समिति